PURE ENERGY LTD

मिति: २०८३/०६/२६

श्रीमान प्रमुख ज्यू,

नेपाल धितोपत्र बोर्ड,

खुमलटार, ललितपुर।

विषयः वार्षिक प्रतिवेदन पठाइएको सम्बन्धमा।

महोदय,

यस संस्थाले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (२) बमोजिम आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, संस्थागत सुशासन प्रतिवेदन, साधारण सभाका निर्णयहरु लगायतका सम्पूर्ण कागजातहरु यसै पत्रसाथ संलग्न गरी पठाइएको जानकारी गराउन चाहन्छु।

संलग्न कागजातहरुः

१. आ.व. ०८२/०८३ को वार्षिक प्रतिवेदन

२. आ.व. ०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन

३. संस्थागत सुशासन प्रतिवेदन

४. साधारण सभाका निर्णयहरु

Pure Energy Limited
Reg. No. 293685
Kathmandu

सन्तोष वाग्ले
(कम्पनी सचिव)
पियोर इनर्जी लि.

# पियोर इनर्जी लिमिटेड

केन्द्रीय कार्यालय, का.म.न.पा.-१०, काठमाडौं

दर्ता नं: २९३६८५/०७४/०७५

**मिति २०८३।०६।२३ गते सम्पन्न भएको वार्षिक साधारण सभाको काम कारबाहीको विवरण**

## १. वार्षिक साधारण सभा

यस **पियोर इनर्जी लिमिटेड** ("**कम्पनी**") को वार्षिक साधारण सभा ("**सभा**") सञ्चालक समितिका अध्यक्ष श्री अक्षय गोल्याण ज्यूको अध्यक्षतामा मिति २०८३।०६।२३ मा बस्यो। उक्त सभामा भएको उपस्थिति, छलफल भएका विषयहरू तथा पारित प्रस्तावहरू यसपछिका परिच्छेदहरूमा अभिलेख गरीएका छन् ।

## २. सभाको मिति, समय तथा स्थान

मिति : २०८३ साल असोज २३ गते, शुक्रबार (तदनुसार अक्टोबर ९, २०२६)

समय : बिहान १०:०० बजे

स्थान : अनुपम फुडल्याण्ड एण्ड ब्यांक्वेट, बत्तिसपुतली, काठमाडौं ।

## ३. उपस्थिति

सञ्चालक तथा पदाधिकारी उपस्थिति

| नाम | पद | दस्तखत |
|---|---|---|
| श्री अक्षय गोल्याण | अध्यक्ष | |
| श्री निशान्त गोयल | सञ्चालक | Nishant |
| श्री संजय कुमार साह | सञ्चालक | |
| श्री प्रवेश कुमार आचार्य | सञ्चालक | |
| श्री विशाखा लक्ष्मी खड्का | स्वतन्त्र सञ्चालक | Bishakh |
| अन्य उपस्थिति : | | |
| श्री प्रवीण अर्याल | प्रमुख कार्यकारी अधिकृत | |
| श्री राजेश अग्रवाल | सदस्य, लेखापरीक्षण समिति | |

Pure Energy Limited
Reg. No. 293685
Kathmandu

Nishant

| | | |
|---|---|---|
| श्री अजय ज्ञवाली | आन्तरिक लेखापरीक्षक | |
| श्री सन्तोष वाग्ले | कम्पनी सचिव | |

**४. गणपूरक संख्या एवं सभाको वैधानिकता :**

सञ्चालक समितिका अध्यक्षले सभाको अध्यक्षता गर्नुभयो। पूर्वनिर्धारित एजेण्डामा छलफल गर्नु अघि आजको सभाको वैधानिकताको सम्बन्धमा यकिन गरीयो । यस कम्पनीमा हाल पाँच (५) जना सञ्चालकहरु रहनुभएको तथा स्वयं सञ्चालकहरु नै उपस्थित हुनुभएको थियो । अध्यक्षले कम्पनीको नियमावली अनुसार सभाको सूचना रीतपूर्वक पठाइएको र सभाको लागि आवश्यक गणपूरक संख्या पुगेको यकिन गर्नुभयो । स्वयं उपस्थित शेयर संख्या र प्रतिनिधिमार्फत उपस्थित शेयर संख्या गरी कुल ..80..% शेयर संख्याको उपस्थिति भएको जानकारी सभालाई सूचित गर्नुभयो। अध्यक्षज्यूले सभाको काम कारबाही अघि बढाउनु भयो ।

**५. नवौं वार्षिक साधारण सभामा अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको प्रतिवेदन प्रस्ताव तथा अन्य प्रस्तावहरुको प्रस्तुति :**

**५.१ अध्यक्षको मन्तव्य तथा नवौं वार्षिक प्रतिवेदन प्रस्तुति :**

अध्यक्ष तथा सभाका सभापति श्री अक्षय गोल्याणज्यूले अध्यक्षको मन्तव्य सभामा प्रस्तुत गर्नुभयो।

**५.२ वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तावित विषयहरु प्रस्तुतिः**

वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तावित विषयहरु अन्तर्गत सामान्य प्रस्ताव तर्फ प्रस्तुत छलफलका विषयको प्रथम प्रस्तावमा रहेको नवौं वार्षिक प्रतिवेदन सभाका अध्यक्ष श्री अक्षय गोल्याणज्यूले सभामा प्रस्तुत गर्नुभयो।

**५.३ लेखापरीक्षण प्रतिवेदन समेतको हिसाब प्रस्तुति :**

कम्पनीका अध्यक्षज्युले आ.व.२०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन सहितको बासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण समेतको हिसाब यो नवौं वार्षिक साधारण सभा समक्ष छलफलका लागि प्रस्तुत गर्नुभयो।

**६. सभाका छलफलका विषयहरू (एजेण्डा)**

**क) सामान्य प्रस्तावहरू**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

Pure Energy Limited
Reg. No. 293685
Kathmandu

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने सम्बन्धमा।

३. आ.व.२०८३/०८४ को लागि लेखापरीक्षण कार्य गर्न लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

४. सञ्चालक समिति सदस्यको कार्यकाल थप गरी सञ्चालक समिति गठन गर्ने सम्बन्धमा ।

५. सञ्चालक समितिबाट भए गरेका निर्णय, काम कारबाहीहरु अनुमोदन गर्ने सम्बन्धमा ।

ख) विविध

<u>७. सामान्य प्रस्ताव अन्तर्गत भएका निर्णयहरु :</u>

**<u>७.१ आ.व.२०८२/०८३ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गर्ने तथा पारित गर्ने ।</u>**

सञ्चालक समितिका अध्यक्षले आर्थिक वर्ष २०८२/०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्नु भएकोमा उक्त प्रतिवेदनलाई स्वीकृत गर्ने सर्वसम्मत निर्णय भयो ।

**<u>७.२ लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८२/०८३ को लेखापरीक्षण भएका वार्षिक आर्थिक विवरणहरू उपर छलफल गर्ने तथा पारित गर्ने ।</u>**

आर्थिक वर्ष २०८२/०८३ को कम्पनीको लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु स्वीकृत गर्ने सर्वसम्मत निर्णय भयो ।

**<u>७.३ आ.व. २०८३/०८४ को लागि लेखापरीक्षक नियुक्त तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।</u>**

आ.व. २०८३/०८४ को लागि श्री **बि.के. अग्रवाल एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स**लाई कम्पनी ऐन, २०६३ को दफा १११ को उपदफा (३) बमोजिम पुनः लेखापरीक्षकको रूपमा नियुक्त गर्ने र निजको पारिश्रमिक अक्षरेपी एक लाख रुपैयाँ मात्र (कर बाहेक) निर्धारण गर्ने निर्णय गरीयो । उक्त लेखापरीक्षकको नाम कम्पनी ऐन, २०६३ को दफा १११ को उपदफा (१) बमोजिम कम्पनी रजिस्ट्रारको कार्यालयलाई जानकारी दिने निर्णय भयो ।

**<u>७.४ सञ्चालक समिति सदस्यको कार्यकाल थप गरी सञ्चालक समिति गठन गर्ने ।</u>**

प्रचलित कम्पनी ऐन, २०६३ तथा कम्पनीको प्रबन्धपत्र र नियमावली बमोजिम कम्पनीमा कार्यरत संथापक तर्फको सञ्चालक समितिका सदस्यहरू श्री अक्षय गोल्याण (अध्यक्ष) र श्री निशान्त गोयल (सदस्य) को पदावधि चार (४) वर्षसम्मको लागि थप गरी हालको सञ्चालक समिति यथावत् कायम राख्ने प्रस्ताव सभा समक्ष राखिएकोमा सो प्रस्ताव सर्वसम्मत रूपमा पारित गरी तपसिल बमोजिमको सञ्चालक लगत कम्पनी रजिस्ट्रारको कार्यालयमा अभिलेख गर्ने निर्णय भयो ।

<u>तपसिल</u>

Pure Energy Limited
Reg. No. 293685
Kathmandu

| क्र.सं. | सञ्चालकको नाम, थर | ठेगाना | नागरीकता | पेशा / व्यवसाय | नियुक्ति मिति | हाल सञ्चालक रहे/नरहेको | हालको पद | पदावधि समाप्त हुने मिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री अक्षय गोल्याण | का.म.न.पा. -१३, काठमाडौं | नेपाली | व्यवसाय | २०८३/०६/२३ | रहेको | अध्यक्ष | ४ वर्ष |
| २. | श्री निशान्त गोयल | मेरठ, उत्तर प्रदेश, भारत | भारतीय | व्यवसाय | २०८३/०६/२३ | रहेको | सञ्चालक | ४ वर्ष |
| ३. | श्री संजय कुमार साह | गौशाला न.पा. -१, महोत्तरी | नेपाली | व्यवसाय | २०८२/०६/०७ | रहेको | सञ्चालक | ४ वर्ष |
| ४. | श्री प्रवेश कुमार आचार्य | मालारानी गा.पा.-२, अर्घाखाँची | नेपाली | व्यवसाय | २०८२/०६/०७ | रहेको | सञ्चालक | ४ वर्ष |
| ५ | श्री विशाखा लक्ष्मी खड्का | का.म.न.पा. -४, काठमाडौं | नेपाली | व्यवसाय | २०८२/०६/०७ | रहेको | स्वतन्त्र सञ्चालक | ४ वर्ष |

**७.५ सञ्चालक समितिबाट भए गरेका निर्णय, काम कारबाहीहरु अनुमोदन गर्ने ।**

आ.व. २०८२/०८३ मा सञ्चालक समितिबाट भए गरेका सम्पूर्ण निर्णय, काम कारबाहीहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय भयो ।

**८. विविध प्रस्ताव अन्तर्गत भएका निर्णयहरु :**

**८.१ कम्पनीको वार्षिक साधारण सभाको विवरण (माइन्यूट) मा हस्ताक्षर गर्ने ।**

कम्पनीको वार्षिक साधारण सभाको विवरण (माइन्यूट) मा हस्ताक्षर गर्ने सम्बन्धमा छलफल गर्दा कम्पनीका अध्यक्ष श्री अक्षय गोल्याण र कम्पनीका सर्वसाधारण तर्फका सञ्चालक श्री प्रवेश कुमार आचार्यले हस्ताक्षर गर्ने सर्वसम्मत निर्णय भयो ।

**९. सभाको समाप्ति**

अन्तमा सभामा प्रस्तुत छलफलका सम्पूर्ण विषयहरु समेत सर्वसम्मतिले पारित भइसकेकाले कम्पनीको साधारण सभामा उपस्थित सबै शेयरधनी महानुभावहरूलाई अध्यक्षज्यूले धन्यवाद दिँदै कम्पनीको नवौं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो।

Pure Energy Limited
Reg. No. 293685
Kathmandu